धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट
## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**गरिवी न्यूनीकरण तथा रोजगारी तथा उद्यम विकास तर्फः**
**अध्यक्ष महोदय**

1. सरकारी गैरसरकारी तथा नीजि क्षेत्रसगको साझेदारीमा बार्षिक १००० जना भन्दा बढि ब्यक्तिहरुलाई सीप तथा उद्यमशिलता प्रदान गरि स्वरोजगार सिर्जना गरि गरिवी न्युनिकरण गरिनेछ।

2. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाइ निरन्तरता दिइ १०० जना नयाँ उद्यमी सिर्जना र ५० जना उद्यमीहरुको उद्यमको स्तरोउन्नती गरि आयआर्जनमा समावेश गरिने छ।

3. उत्पादित सामाग्रिहरुको बजारीकरणा बित्तिय पहुँचमा विस्तार बजार साझा सुविधा केन्द्रको स्थापनाका साथै प्रविधिको हस्नातरण गरि गरिवी न्यूनिकरणमा सहयोग पुराइने छ।

4. नगरपालिकावाट सचालन गरिने आयआर्जन तथा रोजगार सिर्जना गरिने कार्यक्रमहरु मेड्पा मोडलमा सचालन गरिने छ।

5. नगरका बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्दै नगर तथ्याङ्क केन्द्र स्थापनाका अलवा स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई आगामि अवमा पनि प्रभावकरिताका साथ संचालन गरिने छ।

6. टोल विकास समिति सशक्तिकरण गरी भौतिक पुर्वाधार निर्माणमा साझेदार सस्थाको रुपमा लगिने छ।

7. अपांग तथा महिलाहरु द्वारा सञ्चालित उध्योग तथ ब्यवशायहरुको १ लाख सम्मको ऋणको ब्याजको ५० प्रतिशत नगर पालिकाले तिर्ने ब्यवस्था मिलाएको छु।

8. प्रधानमन्त्री रोजगार कार्यवक्रमसँग आवद्ध गरी श्रममा आधारित मजदुरहरुको रोजगारी सुनिश्चितताका लागि बार्हे महिना कामगर्ने व्यवस्था मिलाईने छ।